म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३२४ २०८१ कार्तिक १० गते शनिबार 26 October 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

बालबालिकालाई निमोनियाबाट जोगाऔं

निमोनियाबाट बालबालिकालाई बचाउन,

- नियमित रुपमा लगाईने खोपहरु लगाऔं
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
- सरसफाईबाट उचित ध्यान दिऔं ।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विरोधाभाष देखिएको भन्दै प्रदेश प्रमुखद्वारा कृषि विकास विधेयक फिर्ता




समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पुनः विचारका लागि प्रदेश सभामा फिर्ता गर्नुभएको छ। प्रदेश सभाबाट पारित भई प्रमाणीकरणका लागि प्रदेश प्रमुखको कार्यालयमा पेश भएको विधेयकका प्रावधानहरु स्पष्ट नभएको भन्दै प्रदेश प्रमुख देवकोटाले विधेयक पुनः विचारका लागि प्रदेश सभामा फिर्ता गर्नुभएको हो।

प्रदेश प्रमुख देवकोटाले विधेयकको ६ वटा दफामा प्रश्न उठाउनुभएको छ। ६ वटा दफाका प्रावधानहरु स्पष्ट नभएको भन्दै प्रदेश प्रमुख देवकोटाले गत कात्तिक १ मा विधेयक फिर्ता गर्नुभएको हो। गत असोज ७ मा प्रदेशसभाको बैठकबाट पारित भई प्रमाणीकरणका लागि पेश भएको विधेयक प्रदेश प्रमुख देवकोटाले संविधानको धारा २०१ को उपधार ३ बमोजिम पुनःविचारका लागि फिर्ता गर्नुभएको हो। उहाँले ३ महले सन्देशसहित विधेयक फिर्ता गर्नुभएको छ।

उहाँले विधेयकका दफाहरु १४, १५, २७, २९, २१ र २२ मा समावेश भएका प्रावधानमा प्रश्न उठाउँदै विधेयक फर्ता गर्नुभएको हो। विधेयकको दफा १४ मा कृषिमा सेवा टेवा सम्बन्धी प्रावधान, दफा १५ मा बीउ पूँजी उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ। सो दफाका २/२ वटा उपदफाका विषयहरु विरोधाभाषपूर्ण व्यवस्था देखिएको प्रदेश प्रमुख देवकोटाले औंल्याउनुभएको छ।

दफा २७ मा समावेश रहेको सजाय सम्बन्धी प्रावधानमा विधेयकको दफा नै अमिल्दो देखिएको प्रदेश प्रमुख देवकोटाले औंल्याउनुभएको छ। दफा २९ को पुनरावेदन सम्बन्धी प्रावधानमा सजाय गर्ने अधिकारी समक्ष नै पुनरावेदन गर्नुपर्ने अवस्था रहेको देखिएको उहाँले उल्लेख गर्नुभएको छ। विधेयकको दफा २१ र २२ मा प्रदेश खाद्य परिषद् गठन र परिषद्को काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। जसमा प्रदेश प्रमुख देवकोटाले परिषद्को बैठक बस्ने, बैठक बोलाउने अख्तियारी र विधि, गणपुरक संख्या, निर्णय प्रमाणित, मनोनित सदस्यहरुको पदमुक्त हुने अवस्थाहरु, परिषद्को कार्यालय लगायतका विषयहरुको व्यवस्था नभएको उल्लेख गर्नुभएको छ। उहाँले उक्त विधेयकको माथि प्रश्न उठाउँदै सुझावसहित विधेयक फिर्ता गर्नुभएको हो।

### यस्ता छन् विधेयकका प्रावधानहरू

विधेयकको दफा १४ मा कृषिमा सेवा टेवाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा कार्यालयले कृषि उपजको उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण र निर्यात प्रवर्द्धनमा सहयोग गर्न सेवा टेवा उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने सेवा टेवाको प्रकृति, बजेटको सीमा तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

दफा १५) बीउ पूँजी उपलब्ध गराउन सकिनेः (१) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न प्रदेश सरकारले यस ऐन बमोजिम सूचीकृत किसानहरुलाई बीउ पूँजी उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइने बीउ पूँजी सम्बन्धी कार्यक्रमलाई छिटो, छरितो एवम् प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि मन्त्रालयले कार्यविधि र मापदण्ड तयार गरी लागू गर्नु पर्नेछ।

दफा २७ सजायः (१) दफा १४ र १५ बमोजिम मन्त्रालय वा मातहतको कार्यालयबाट प्रदान गरिने सेवा टेवा र बीउ पूँजी वापतको रकम जुन प्रयोजनका लागि प्रदान गरिएको हो। सोही बमोजिम खर्च नगरेमा वा त्यस्तो रकम जुनसुकै तरिकाले दुरुपयोग गरेमा कार्यालयले उक्त रकम असुल उपर गरी बिगो बराबरको जरिवाना समेत गरिनेछ।

(२) उपदफा (१) बमोजिमको जरिवाना गर्नुअघि आरोपित लाभग्राहीलाई सफाइका लागि मनासिव माफीको मौका दिनु पर्नेछ।

(३) लाभग्राहीले उपदफा (१) बमोजिमको जरिवाना रकम नतिरेमा सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ।

(४) उपदफा (१) बमोजिमको जरिबाना भएको अवस्थामा त्यस्तो लाभग्राहीलाई पाँच वर्षसम्म कृषि सेवा टेवा उपलब्ध गराइने छैन।

(५) यस दफा बमोजिमको सजाय सम्बन्धित कार्यालयको प्रमुखले गर्नेछ।

दफा २९ पुनरावेदन गर्न सक्नेः दफा २७ बमोजिमको जरिवाना गर्ने अधिकारीले गरेको जरिवाना लाभग्राहीलाई चित्त नबुझेमा जरिवाना भएको मितिले ३५ दिनभित्र मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सकिनेछ। दफा २१ परिषदको गठन (१) नागरिकको खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारको संरक्षण, प्रवर्धन तथा परिपूर्ति सम्बन्धी कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिम एक प्रदेश खाद्य परिषद् रहनेछ।

(क) मन्त्री, मन्त्रालय- अध्यक्ष
(ख) सदस्य (कृषि सम्बन्धी विषय हेर्ने), प्रदेश नीति तथा योजना आयोग- सदस्य
(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय- सदस्य
(घ) सचिव, मन्त्रालय - सदस्य
(ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय- सदस्य
(च) प्रमुख, खाद्य प्रविधि तथा गुण नियन्त्रण, प्रादेशिक कार्यालय- सदस्य
(छ) प्रतिनिधि, राष्ट्रिय कृषक समूह महासंघ (बागमती प्रदेश)- सदस्य
(ज) प्रतिनिधि, राष्ट्रिय किसान महासंघ (बागमती प्रदेश)- सदस्य
(झ) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको क्षेत्रमा कार्यरत, सम्बन्धित विषयमा स्नातकोत्तर गरेको एक महिला सहित मन्त्रालयले मनोनयन गरेको २ जना विज्ञ- सदस्य
(ञ) महाशाखा प्रमुख, मन्त्रालय- सदस्य सचिव
(ट) उपदफा (१) को खण्ड (झ) बमोजिमका मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।
(ठ) समितिले आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ।

दफा २२ मा परिषद्को काम, कर्तव्य र अधिकारः परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

### प्रदेश प्रमुखले उठाएका प्रश्न

प्रदेश प्रमुख देवकेटाले विधेयकको दफा १४ को कृषि सेवा टेवा उपलब्ध गराउने निकायहरु मन्त्रालय वा मन्त्रालय मातहतको कार्यालय हुने, दफा १५ मा बीउ पूँजी उपलब्ध गराउने कार्य प्रदेश सरकार अर्थात बागमती प्रदेशको मन्त्रिपरिषद्ले गर्ने र त्यसरी बीउ पूँजी उपलब्ध गराउने कार्य मन्त्रालयले बनाएको कार्यविधि र मापदण्ड बमोजिम हुने विरोधाभाष व्यवस्था देखिन्छ।

दफा २७ मा रहेको सजाय गर्ने व्यवस्था अन्तर्गत बीउ पुँजी उपलब्ध गराउने कार्य समेत मन्त्रालय वा मन्त्रालय मातहत गरिने उल्लेख छ। जुन दफा १५ सँग अमिल्दो देखिन्छ। सजाय गर्ने अधिकारी सम्बन्धित कार्यालय प्रमुख भनिएको छ र त्यस्तो सेवा मन्त्रालयले उपलब्ध गराएमा मन्त्रालयको सचिव नै सजाय गर्ने अधिकारी हुने हुँदा दफा २९ बमोजिम मन्त्रालयको सचिव समक्ष नै पुनरावेदन गर्ने व्यवस्था गरेको देखिन्छ।

विधेयकको दफा २१ मा प्रदेश खाद्य परिषद्को गठन र काम, कर्तव्य र अधिकारको बारेमा व्यवस्था भएता पनि वर्षमा परिषद्को बैठक कति पटक बस्ने ? बैठक बोलाउने अख्तियारी र विधि के हुने ? बैठकको गणपुरक संख्या कति हुने ? निर्णय प्रमाणित कुन पदाधिकारीबाट हुने ? मनोनित सदस्यहरुको पदमुक्त हुने अवस्थाहरु, बैठक संचालन विधि, परिषद्को कार्यालय कहाँ रहने ? परिषद्को सम्पर्क मन्त्रालय कुन हुने ? आदि जस्ता विषयहरुको व्यवस्था नभएको र नियमावलीमा तोकिने भन्ने सम्म पनि व्यवस्था नभएको देखिन्छ।

### प्रदेश प्रमुख देवकोटाको सुझाव

प्रदेश प्रमुख देवकोटाले दफा २७ अनुसार सजाय गर्दा २९ अनुसार पुनरावेदन पनि त्यही अधिकारीसंग गर्नुपर्ने व्यवस्था प्राकृतिक न्यायको सिद्धान्त विपरित हुने हुँदा सजाय गर्ने अधिकारी र पुनरावेदन सुन्ने अधिकारी फरक-फरक हुने गरी गर्नुपर्ने सुझाव दिनुभएको छ। दफा १४, दफा १५ र दफा २७ बिच तादात्म्यता कायम गरिनुपर्ने प्रदेश प्रमुख देवकोटाको सुझाव छ।

प्रदेश प्रमुख देवकोटाले विधेयकमा प्रदेश सरकार, मन्त्रिपरिषद् र मन्त्रालय अनुदान वितरणमा प्रत्यक्ष संलग्न नभई नीति निर्माणमा संलग्न हुने गरी विधेयक परिमार्जन हुन उपयुक्त हुने सुझाव दिनुभएको छ। प्रदेश प्रमुख देवकोटाले दफा २१ र २२ मा बैठक संख्या, मनोनित सदस्यको पदमुक्त हुने अवस्थाहरु, बैठक संचालन विधि, परिषद्को कार्यालय, सम्पर्क मन्त्रालय, मनोनित सदस्यले प्राप्त गर्ने सेवा सुविधा समेत ऐनबाट नै निर्दिष्ट हुनुपर्ने देखिएको सुझाव दिनुभएको छ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

## सिस्नेरी घटनाको छानविन गर्न माग गर्दै प्रधानमन्त्रीलाई पत्र



प्रधानमन्त्री केपी शर्मा ओलीलाई पत्र बुझाउँदै पीडित परिवार।

समाज संवाददाता

हेटौंडाः मकवानपुरको सिस्नेरीमा पहिरोमा परी ६ जना किशोरको मृत्यु भएको विषयमा छानविनको माग गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीलाई ध्यानाकर्षण पत्र बुझाएको छ। गत असोज १२ गते मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-३, टेकरमा खसेको पहिरोमा परी ज्यान गुमाएका एन्फा एकेडेमीका ६ जना किशोर खेलाडीका परिवारले प्रधानमन्त्री ओलीलाई पत्र बुझाइएको हो।

प्रधानमन्त्री ओलीसहित माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाललाई भेटी घटनाका दोषीलाई कारवाही गर्न मृतकका परिवारले माग गरेका छन्। उनीहरुले शुक्रबार प्रधानमन्त्री ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष नेपाललाई छुट्टाछुट्टै भेटी घटनाको विषयमा उच्चस्तरीय छानविन गरी दोषीलाई कारबाही गर्न माग गरेका हुन्। पीडित परिवारले एकेडेमी व्यवस्थापनको लापरवाहीको कारण घटना भएको भन्दै ध्यानाकर्षण पत्र समेत बुझाएका छन्।

पीडित परिवारका तर्फबाट ललित घलान, हेमबहादुर योञ्जन, दीपा बानियाँ, कमला रेग्मी, टीकाराम आचार्य र भक्तबहादर बलम्पाकीले संयुक्तरुपमा ध्यानाकर्षण पत्र बुझाएका हुन्। पत्र बुझाउँदै उनीहरुले मृतक खेलाडीहरुको नाममा अक्षयकोषको स्थापना गरी प्रत्येक वर्ष खेलाडीहरुको स्मृतिमा राष्ट्रियस्तरको प्रतियोगिता सञ्चालन गर्नुपर्ने माग पनि गरेका छन्।

उक्त घटनामा परी ज्यान गुमाएका मकवानपुरका अनुमप घलानका बुबा लालित घलानले प्रधानमन्त्री ओली, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र माधव कुमार नेपाललाई भेटी घटनाको विषयमा सत्यतथ्य छानविनका लागि उच्चस्तरीय छानविन समिति बनाउन माग गरेको जानकारी दिनुभयो। उहाँले प्रधानमन्त्री ओली, अध्यक्ष प्रचण्ड र अध्यक्ष नेपालले आफुहरु पीडित परिवारहरुको पक्षमा रहेको र घटनाको बारेमा सत्यतथ्य पत्ता लगाउन सहयोग गर्ने जवाफ दिएको जानकारी दिनुभयो।

असोज १२ गते बिहान कुलेखानी ड्यामको सतह भरिएर ढोका खोलिएपछि एकेडेमीको होस्टेलमा रहेका ३६ जना विद्यार्थी र होस्टेल वार्डेन गाउँतर्फ जानेक्रममा बाटोमाथिबाट खसेको पहिरोमा परी ६ जना किशोर पुरिएका थिए। प्रधानमन्त्री ओली र अध्यक्ष प्रचण्डलाई भेट्न पीडित परिवारसहित सत्तापक्षका प्रमुख सचेतक महेशकुमार बर्तौला, बागमती प्रदेशका निवर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेल, प्रदेशका पूर्व सामाजिक मन्त्री कुमारी मोक्तान, कांग्रेस मकवानपुरका सभापती बुद्ध लामा सहभागी हुनुहुन्थ्यो।



# जलवायु परिवर्तन





सरोजप्रसाद साह

विगत केही दशकमा, जलवायु परिवर्तन एक गम्भीर वैश्विक संकटको रूपमा देखा परेको छ । विश्वभरका वैज्ञानिकहरू यस विषयमा अनुसन्धान गर्दैछन्, र तिनको निष्कर्ष स्पष्ट छः मानव क्रियाकलापले पृथ्वीको तापक्रम वृद्धि गरिरहेको छ । ग्रीनहाउस ग्यासहरूको अत्यधिक उत्सर्जनले वायुमण्डलमा ताप समात्ने प्रभाव बढाइरहेको छ, जसले गर्दा पृथ्वीको औसत तापमान लगातार बढिरहेको छ ।

जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव समुद्रको सतहमा देख्न सकिन्छ । संयुक्त राष्ट्रसंघको अन्तरसरकारी प्यानलले सन् २०२१ मा प्रकाशित प्रतिवेदनमा भन्यो कि १९०१ देखि २०१८ सम्ममा विश्वव्यापी समुद्र सतह ०.२ मिटरले बढेको छ । यो वृद्धि मुख्य रुपमा हिमनदीहरूको पग्लन र समुद्रको पानीको तापक्रम वृद्धिका कारण भएको हो । यसले तटीय क्षेत्रहरूमा विनाशकारी प्रभाव पार्दैछ, जहाँ समुद्री आँधी र बाढीको जोखिम बढ्दै गएको छ ।

वैज्ञानिक तथ्यहरुले पनि देखाउँछन् कि यदि तत्काल कारबाही गरिएन भने, सन् २१०० सम्ममा पृथ्वीको तापमान 2°C देखि 3°C सम्म बढ्न सक्छ । यसले खाद्य उत्पादन प्रणालीमा ठूलो दबाब पार्नेछ, र सूखा, गर्मी लहरहरू, र वन आगोको घटनाहरूलाई बढावा दिनेछ ।

हामीले हाल विश्वव्यापी रूपमा देखिरहेका अनियमित मौसम घटनाहरू, जस्तै अत्यधिक वर्षा, आँधी, र चक्रवातहरु, जलवायु परिवर्तनका प्रत्यक्ष संकेतहरू हुन् । विश्व स्वास्थ्य संगठन (WHO) का अनुसार, जलवायु परिवर्तनले स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्दैछ, विशेष गरी निम्न र मध्यम आय भएका राष्ट्रहरुमा, जहाँ गर्मीको लहरहरूले जनजीवनमा प्रतिकूल प्रभाव पार्दै आएको छ ।

वैज्ञानिकहरू, नीति निर्माताहरू, र समाजको सामूहिक प्रयास बिना, यस संकटको समाधान कठिन छ । कार्बन उत्सर्जनलाई कटौती गर्नु, नवीकरणीय ऊर्जा स्रोतहरूको प्रयोग, र वातावरणीय संरक्षणमा लगानी जलवायु परिवर्तनको प्रभावलाई कम गर्न महत्वपूर्ण कदम हुन् ।

# साथीलाई चिठ्ठी

मिति: २०८१/०५/१५



प्यारी साथी आरती
सुमधुर सम्झना ।

म यहाँ सन्चै छु । तिमी लगायत तिम्रो परिवारलाई पनि आरामै रहेछ । यहाँ मेरो आमाबुवा, दिदी पनि आरामै हुनुहुन्छ । गत हप्ता तिमीले पठाएको चिठी मैले पाए । चिठी पाउँदा निकै खुसी लाग्यो । त्यस चिठीमा तिमीले गुरुप्रसाद मैनालीद्वारा रचित 'नासो कथा संग्रह' को समीक्षा गरेकी रहेछौ । सरल भाषाशैली र गहिरो सामाजिक चेतनाले भरिपूर्ण त्यस कथासंग्रहका ११ वटा कथा सामाजिक विषयवस्तुमा आधारित रहेछ । मैले पनि नेपाली पुस्तकमा उनीद्वारा रचित 'कर्तव्य' कथा पढेको छु । कथामा नेपाली समाजको यथार्थको चित्रण गरेको छ । साथै तिमीले आफूले पढेको कुनै एक पुस्तकको समीक्षा गर भनेकी थियौ । अस्ति मात्रै मैले विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित 'शत्रु' कथा पढेको थिए । त्यसपछि उनको रचना पढ्ने इच्छा जागेकोले पुस्तकालयमा गएर पुस्तक खोज्दा 'तीन घुम्ती' उपन्यास भेटाए र मैले पढेँ । आज यस पत्रमा यही उपन्यासबारे समीक्षा गर्न गइरहेको छु ।

'तीन घुम्ती' नामक उपन्यास विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित नारीवादी उपन्यास हो । विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं. १९७१ भदौ २४ गते भएको थियो । उनी नेपाली कथा साहित्यका प्रथम मनोवैज्ञानिक कथाकार हुन् । उनी नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री भएतापनि राजा महेन्द्रद्वारा वि.सं. २०१७ मा दलमा प्रतिबन्ध लगाएपछि उनलाई सुन्दरी जलको जेलमा बन्दी गरिएको थियो । उनले आफ्नो जीवनकालमा २ कथा संग्रह, ६ उपन्यास र १ आत्मकथा रचेका थिए । उनले त्यही सुन्दरीजलको बन्दी गृहमा 'तीन घुम्ती' नामक उपन्यास लेखेका थिए । विश्वेश्वर प्रसाद कोइरालाद्वारा रचित तीन घुम्ती उपन्यास वि.सं. २०२५ सालमा प्रकाशित भएको नारी मनोविज्ञानमा केन्द्रित अस्तित्ववादी उपन्यास हो । यो उपन्यास मानव जीवनका विविध पाटाहरुमा आइपर्ने मूलभूत समस्याहरुमध्ये नारी भित्रको मनोवैज्ञानिक पक्षलाई केस्रा-केस्रा गरी केलाएको छ । मानिस अज्ञानतावस विविध निर्णय लिन्छन् र त्यसैले उसको भविष्यको परिणति उसले अज्ञानतावश लिएको निर्णयले नै गरिदिन्छ । यो उपन्यास इन्द्रमायाले आफ्नो जीवनलाई पछाडी फर्केर हेरेको अर्थात पूर्वदीप्तिमा आधारित रहेको छ । इन्द्रमायाले आफ्नो जीवनमा लिएको तीन वटा निर्णय नै यस उपन्यासको मूल कथ्य हो । बुढ्यौलीले छोएपछि स्वास्नीमान्छे जीवनको अर्को बाटो रोज्दैनन् । जीवन एकहोरो यात्रा भएको सोँच्दै इन्द्रमायाले आफ्नो यात्रा टुङ्गिएको आभास गरिरहेकी थिई । उसले किशोर कालमा अनजानमै सहपाठी पिताम्बरलाई प्रेम गर्छे । धन, समाज, जाति, राजनीतिक बाधा देखाउँदै उसकी आमाले पिताम्बरलाई अस्विकार गरेपछि ऊ १६ वर्षको उमेरमा पिताम्बरसँग भागी । उसले पिताम्बरसँग विवाह गरी । उ आफ्नो श्रीमान् प्रति बढी उत्तरदायी थिई । श्रीमानको सर्वाधिक प्रिय साथी रमेश भएकाले उसले देवर भनेर बोलाउँथी तर हृदयदेखि उसले रमेशको बानी मन पराउँदैनथी । समय बित्दै गयो । पिताम्बरको हृदयमा ईर्ष्याको भावना विकास भएको उसले अनुभव गर्न थाली । एक बिहान पिताम्बर गिरफ्तारीमा पर्‍यो । त्यस बखत उसले माइतीलाई सम्झि । तर त्यसपछि उसले आफ्नो जीवनको दोस्रो महत्वपूर्ण निर्णय गरी । उसले आफ्नो शरीर रमेशलाई सुम्पिदिई । डाक्टरलाई जचाउँदा पेटमा दुई महिनाको बच्चा रहेको जानकारी भयो । केही महिनापछि पिताम्बर छुटेर घर फर्के र उनले यो सबै कुरा थाहा पाए । त्यसपछि पिताम्बरले छोरीलाई रमेश कहाँ जिम्मा लगाइदिन भनी उसलाई भने । तर त्यसपछि उसले छोरीको लागि पिताम्बरलाई छोडेर हिँड्ने तेस्रो निर्णय गरी । अब ऊ एक्लै भइसकेकी थिई ।

यसरी उसले सोच बिचार नगरी निर्णय गरेकी हुनाले एक्लै वा एकोहोरो बस्ने भई । आफ्नो निर्णय गर्ने अधिकार सबैले पाउनुपर्छ । या हाम्रो अधिकार हो । तर आफूले गरेको निर्णय सफल वा असफल जे भए पनि त्यसको दोषी भागी निर्णयकर्ता नै हुन्छ । यहाँ इन्द्रमायाले आफूले गरेको निर्णयको पश्चाताप कहिल्यै गरिन । यो कुरा नारीले बुझ्नु जरुरी देखिन्छ । हरेक केटा मान्छे राम्रो हुन्छ भन्ने पनि छैन । त्यसैले कुनै पनि निर्णय गर्नुभन्दा अगाडि सुझबुझ पुर्‍याउनुपर्छ । तिमी जस्तो साथीलाई यसबारे सचेत पार्न यो लेखेको छु । उपन्यासमा इन्द्रमाया आफैले आफ्नो निर्णय गर्ने साहस राखेकी छिन् । तिमी पनि साहसिलो हुनुपर्छ तर सुझबुझ पुर्‍याई कुनै निर्णय लिनुपर्छ ।

ल त साथी धेरै के लेखुँ । आशा छ कि तिमीलाई यो समीक्षा राम्रो लाग्ने छ । उपन्यासमा इन्द्रमाया १६ वर्ष कै उमेरमा आफैले आफ्नो जीवनको निर्णय गरेकी छे । कुनै पनि नारी जातिले आफ्नो खुट्टामा उभिने नभएसम्म कुनै निर्णय गर्नुहुँदैन मैले बुझेको छु । शिक्षा र रोजगारी प्राप्त गरी तर्कपूर्ण कुनै पनि निर्णय गर्नुपर्छ भन्ने मैले बुझेको छु । तिमीलाई कस्तो लाग्छ ? तिमीले यो यथार्थलाई कसरी मूल्यांकन गर्छौ ? एकपल्ट तिमी पनि यो उपन्यास पढ है । आजको लागि यति नै । बाँकी अरु पत्रमा लेखुँला ।

**उही तिम्रो प्यारो साथी**
**सचिन कुमार यादव**

| पठाउने | पाउने |
|---|---|
| सचिन कुमार यादव<br>सोलिड्यारिटी इंग्लिस सेकेण्डरी स्कुल<br>हेटौंडा-१० | आरती यादव<br>न्यू गाइडेन्स बोर्डिङ स्कुल<br>बरहथवा-७, सर्लाही |

## गाउँखाने कथा

१. कालो खोलामा हुन्छु म रातो पानी पिउँछु, निहुँ खोज्न आउनेलाई ठाडै जवाफ दिन्छु ।
- खुकुरी

२. कुच्चिएको भाँडोको मीठो खानेकुरो ।
- ओखर

३. एक भाइका चार खुट्टा ।
- खाट

४. राती गाई पानी खान्थी, पानी खाँदा मरिजान्थी । राती गाई खर खान्छ पानी खाए भुतुक्कै हुन्छ ।
- आगो

५. एक अधेरी साथी मेरी, गर्छिन् पिछा केही नटेरी ।

# उत्कण्ठा

लघुकथा



श्यामप्रसाद श्रेष्ठ

"होइन, ओ बा ! तपाईं बिहानदेखि त्यहाँ अगाडि के हेरिरहनु भएको ?" पर्खाल बाहिर उभिएर सिंहदरबारतर्फ हेरिरहेको बृद्धलाई हेर्दै एक प्रहरीले सोध्यो ।

"म मात्र हो र ! हाम्रो टोलको सबै जना खुशी भएर हेर्न आउँदैछन् ।"

"खुशी भएर आउँदैछन् रे ! के हेर्न आउँदैछन् ?"

"त्यहाँ भित्र नि" भन्दै उसले खुट्टा तन्काई तन्काई भित्र हेर्दै बोल्यो ।

होइन ! के सिंहदरबार हेर्न हो ?" प्रहरीले बुझ्न खोज्दै सोध्यो ।

"होइन"

"अनि, के त्यो सुन्दर पोखरी हो ?"

"होइन !"

" के त्यो अग्लो अग्लो रुखहरु हो ?"

"होइन !"

"अनि के हेर्न ? भन्नू होस न !"

"अस्ति हाम्रो टोलको वडा प्रमुखलाई भ्रष्ट्राचारको आरोप लागेपछि कार्यालयमा नै उसले झुण्डिएर आत्महत्या गरेको थियो । त्यहाँ हामीले हेर्न पाएका थिएनौं । अनि यहाँ त हेर्न पाउला भनेर आएको नि !"

"तपाई कस्तो कुरा गर्नु हुन्छ ? त्यहाँ झुण्डिएकोलाई हेर्न यहाँ आउने !"

"होइन, त्यति सानो प्रमुखले त आत्महत्या गर्‍यो भने त्यो दरबार भित्र त कैयौं ठुलो मानिसहरुले ठुलठुलो काण्डै काण्ड गरेका छन् । ति सबै आरोपितहरुले पनि झुण्डिएर आत्महत्या गर्‍यो होला भन्ने सुनिश्चित गरेर हेर्न उत्कण्ठा भएर हामी आएका हौं !"


*हेटौँडा-६, चौघडा*

**•पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।**
**•जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।**
**•ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।**
समृद्ध प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर





**सुयोग श्रेष्ठ**
**कक्षा-५, ब्रम्हदिक् एकेडेमी**
**हेटौंडा-४**






**दिपासना थापा**
**कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट**
**हेटौंडा-४**



**निमिसा जोशी**
**कक्षा-६, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२**

# तिम्रो भरोसाको लायक रहेन्छु म



✍दीपा न्यौपाने

आफ्नो काम गर्दै हिँड्दा पनि
आफन्त र साथी सबै चिन्ता पनि
तिम्रो भनाई अनुसार चल्दा पनि
तिम्रो भरोसाको लायक रहेन्छु म

मनभरी व्यथा पोका पारी हाँस्ने म
तिम्रो लागि कस्तो हुनुपर्ने भो म
तिमीलाई विश्वास दिलाउन नसक्ने भएछु
तिम्रो भरोसाको लायक नै रहेनछु म

तिम्रो कुराले मुटुभित्र पोल्दा पनि
बस्ने गर्थे म सधैं गनी गनी
तिमी बाहेक को छ ? अरु भनी
तर तिम्रो भरोसाको लायक रहेन्छु म भनी

तिम्रो बन्ने सधैं मैले सपना देखें
तिमीलाई गुनासो पोख्दा यो चिठ्ठी लेखें
गुनासो पोख्दा पोख्दै कल्पनामै डुबें
तिम्रो भरोसाको लायक रहेनछु भन्ने बुझें

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२*

# गृहभूमि र बिदेश



✍निर्जला अधिकारी

हाम्रो मुलुकको मुटुमा, सपना उड्छ,
तर युवा विदेशतर्फ, अवसर खोज्न व्यस्त ।
किपरमा सीप, आँखामा आशा,
विदेशको धरती, खोज्दैछन् तारा ।

सपना र वाचा, सरकारले गरेको,
तर कार्यको कमी, मात्र छ हावा ।
धेरैका स्वरहरू, परिवर्तनको चाह,
तर नीतिहरू बसी, स्थिति छ अन्धकार ।

हाम्रो प्रतिभा हराउँदै, हावामा विलिन,
नेताहरू मात्र बहस, भविष्य छ थमिन ।
हामीले खोज्छौं समाधान, प्रेरणादायक रोजगारी,
तर बिव्यवस्थामा, देखिन्छ ढिलाइको आगारी ।

युवा हाम्रो बल, हाम्रो देशको धड्कन,
तर तिनका सपना विना, बाँच्नै सक्दैनन् ।
अब उठौं हामी, चिंगारीलाई जलाऔं,
र भविष्य निर्माण गरौं, जहाँ आशा छ छालाउँ ।

# मित्रको महिमा



✍सम्बृद्धी अधिकारी

माझको बगैंचामा, साथी मेरा,
सधैं खेल्न र हाँस्न, छौं हामी सँगै ।
जब म दुखी, उनी आउँछन् साथ,
साथीलाई पाउँदा, हराउँछ दुःखको छाता ।

खेल खेल्दा, हाँसोको मेला,
साझा गरौं चोक, मज्जाको केला ।
सपना बनाउँछौं, ठूलो संसार,
साथीको साथले, हुन्छ सब कुरा यार ।

कहिले कुरा गर्छौं, कहिले खेल्छौं,
साथीको माया, हृदयमा बस्छौं ।
सधैं रहोस् यस्ता साथीहरू,
साथीको महिमा, जीवनको रंगीन कुरा ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।
समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

# सताको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशिः** दौडधूपमा समय व्यतित होला । पराक्रम बढ्ने समय छ । लक्ष्य र उद्देश्य सफल बनाउने समय योग छ । चाहना बमोजिम कार्य सम्पन्न होला । काम थाल्ने बित्तिकै उपलब्धी नजिक पुगिएला । बन्धुबान्धव र छरछिमेकको काममा सरिक भइने छ । अध्ययन-अध्यापन ठिकै रहला । धार्मिक कृत्यमा सरिक भइने छ ।

**वृष राशिः** आत्मविश्वास बढ्ने छ । मौखिक अभिव्यक्तिका माध्यमबाट लाभ पुग्ला । कलात्मक विषयमा समय व्यतित होला । व्यक्तिगत प्रतिष्ठा स्थापना गरिएला । कर्मफल राम्रो प्राप्त हुनाले मन प्रसन्न होला । स्वादिष्ट भोजनमा रमाउन पाइएला । व्यापार-व्यवसाय मध्यमकार देखिन्छ । गुरुसित मित्रता र भेटघाट हुने समय योग छ ।

**मिथुन राशिः** व्यापार-व्यवसाय मध्यमकारक रहला । उपहार र मनोरञ्जनका सामाग्रीमा राम्रो देखिन्छ । कर्मचारीका निमित्त व्यस्त रहनुपर्ने समय योग छ । मिहिनेतको परिणाम राम्रो रहने छ । दाम्पत्य जीवनमा भरपूर्ण आनन्द होला । धार्मिक एवम् सामाजिक कृत्यमा सरिक भइने समय योग रहेको देखिन्छ ।

**कर्कट राशिः** हिम्मतका साथमा काममा अगाडि बढिने समय योग रहेको छ । परम्पराको पालना गर्नुपर्दा लक्ष्यमा पुग्न बिलम्ब हुनसक्छ । अनावश्यक खर्च बढ्ने समय योग छ । जालझेल र ठगीबाट सर्तकता अपनाउनु ठीक हुन्छ । शत्रु, रोग र झन्झटबाट मुक्त पाइने समय योग रहेको छ ।

**सिंह राशिः** समय मिश्रित रहेको छ । बौद्धिक कार्यको माध्यमबाट प्रतिष्ठा कमाउन सकिने छ । इच्छाशक्ति बढ्नाले चिताएका र हाँके/ताकेका हरेक कामहरु सजिलै सम्पादन हुने छन् । रचनात्मक कार्यमा जुटिने समय योग छ । व्यापार-व्यवसाय र पढाइ-लेखाइ मध्यमकारक रहने समय योग रहेको छ ।

**कन्या राशिः** पद प्रतिष्ठामा वृद्धि हुने समय योग छ । आर्थिक गतिविधिमा ध्यान दिनु आवश्यक देखिन्छ । आय आम्दानीमा वृद्धि होला । अचल सम्पत्तिको विषयमा काम बन्ला ।कार्यक्षेममा प्रभाव पर्न सक्छ । गोपनीय कुरा सार्वजनिक हुँदा अप्ठ्यारो होला । आफन्त बीचमा खटपट होला ।

**तुला राशिः** समय सामान्य नै रहला । राम रमाइलोमा व्यस्त रहने समय छ । पदीय जिम्मेवारी पूरा गर्न कुनै यात्राका क्रममा निस्किएला । आफन्तसुग ख्याल ठट्टामा समय व्यतित होला । पढाइ-लेखाइ ठिकै रहला । धार्मिक एवम् सामाजिक अनि साँस्कृतिक काममा समय व्यतित हुने योग छ ।

**वृश्चिक राशिः** कामप्रति लगाव र झुकाव बढ्ला । भविष्य निर्माणको योजना अगाडि बढाइने समय छ । कमजोरी सुधार गरी अगाडि बढिएला । पदप्रतिष्ठा बढ्ने छ । हाँके ताकेका कामहरु बन्नेछन् । महत्वकांक्षा बढिरहने समय छ । व्यापार-व्यवसायबाट लाभ होला । अध्ययन-अध्यापन ठिकै रहने छ ।

**धनु राशिः** प्रेम, अनुग्रह र कृतज्ञताका साथ अगाडि बढिने समय योग छ । जीवन बिताउनु एउटा आध्यात्मिक अनुभव हो । अनुशासित ढंगले अगाडि बढ्दा राम्रो । लगनशीलता र मिहिनेतले भविष्य सुदृढ बनाउने छ । लक्ष्यप्रति गम्भीर बनिने छ । अध्ययन-अध्यापन ठिकै छ । व्यापार-व्यवसाय ठिकै छ ।

**मकर राशिः** बजेटलाई सन्तुलनमा राख्दा राम्रो रहन्छ । सबल र दुर्बल पक्षको बारेमा चिन्तन गर्नुपर्ला । षडयन्त्रको खाडलमा पर्न सकिने छ । व्यापार-व्यवसाय मध्यमकारक छ । लेनदेनमा सर्तकता अपनाउनु पर्ला । अध्ययन-अध्यापन ठिकै रहला । दानपुण्यप्रति आकर्षण बढ्ला ।

**कुम्भ राशिः** आय-आम्दानी बढ्ने समय योग छ । नयाँ कामको थालनी होला । मिहिनेत र लगनशील बन्न प्रेरित होला । हाँके/ताकेका कामहरु सम्पन्न होलान् । पदप्रतिष्ठामा फड्को मारिएला । विवेकको सहि सदुपयोग गर्नुपर्ला । खर्च बढ्ने समय छ । स्वास्थ्य समस्या बढ्ला ।


**मीन राशिः** मातापिताको शुभाशिष प्राप्त होला । अरुलाई प्रभावित पारेर काम गर्न सकिएला । प्रतिष्ठित कामले अरुको मन लोभ्याइएला । गरिएका प्रयासको राम्रै मुल्यांकन होला । पढाइ-लेखाइमा मन जाने छ । धार्मिक एवम् सामाजिक यात्रामा लागिएला । व्यापार-व्यवसाय मध्यमकारक मान्नुपर्दछ ।





सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बडी प्रिस्कूल
हेटौंडा-४

# भ्रष्टाचारको साया



✍निश्चल अधिकारी

सपना देखेका थियौं, नयाँ नेपाल बनाउने,
तर साँचो मुटुमा, चोरका नाथ बनाउने ।
धनको खेलमा लुटिन्छ, जनता र अधिकार,
घोटालाहरूको सूची, लम्बिँदै गयो बारम्बार ।

सडकको काममा, घोटालाको महल,
बन्द गरियो काम, खोला बग्यो बहल ।
नियन्त्रणमा छन् धन, निःशुल्कका नाममा,
खुद्रा रकम चोरिए, जनताका लागि दाममा ।

शिक्षा, स्वास्थ्यको कुरा, कता गयो रेखा ?
सुविधा पुग्न सकेन, खाडीका चोरको ठेका ।
भ्रष्टाचारको जालमा, हराएको विश्वास,
जनताको हृदयमा, मरेको छ सन्त्रास ।

राजनीतिका थियौं, हरेक मञ्चमा नायक,
तर नीति बनाउँदा, मन परेन यो चाँद ।
सत्यको खोजीमा, उठ्दैछ आवाज,
न्यायका लागि लड्न, हर आँखामा आगाज ।

जनता उठ्नुपर्छ, अबको बेरा आयो,
भ्रष्टाचारको सँगै, सत्यको बेरा ल्यायो ।
संगठित भइ, बनौं एकजुट,
नेपाललाई फेरी, गरौं साँचो र उज्युत ।

सपना बाँच्नको लागि, अबका लागि संघर्ष,
साँचो नेपाल बनाउने, हाम्रो यो वचन हो सच्चा ।
सत्यको मार्गमा, एकसाथ हौं अघि,
भ्रष्टाचारको साया, सधैंका लागि मेटी ।





अध्ययन खुलाल
कक्षा-३, नवोदय शिशु सदन
हेटौंडा-४

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निःशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनाथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# विद्यालय बस खरिदका लागि सूचिकृत हुने सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०७/१०*

प्रस्तुत विषयमा यस श्री राष्ट्रिय रोटरी माध्यमिक विद्यालय मनहरी-७, मकवानपुरका लागि बागमती प्रदेश सरकारबाट आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय हेटौंडा मकवानपुर र यस विद्यालयबीच सम्झौता भएको विद्यालय बस उपलब्ध गराउनका लागि आधिकारिक फर्म वा कम्पनीहरुबाट २०८१ साल मंसिर १४ गतेभित्र तपशीलका कागजपत्रसहित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सूचिकृत गर्नु गराउनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशील :**
१. सूचिकृत हुने व्यहोराको निवेदन
२. संस्था फर्म व्यक्तिको दर्ता प्रमाणपत्रको प्रतिलिपि थान-३
३. भ्याट प्यान नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि थान-३
४. आ.व. २०८०/०८१ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि थान-३
५. रु. १,०००।- (एक हजार मात्र) दस्तुर तिरेको सक्कल बैंक भौचर
नेपाल बैंक लिमिटेड हेटौंडा शाखा, च.हि.नं. ०२५००१००४१७६१०००००१

प्रधानाध्यापक

**श्री राष्ट्रिय रोटरी माध्यमिक विद्यालय**
मनहरी-७, मकवानपुर
सम्पर्क नं. : ०५७-४१४०२०
इमेल : rotaryschool666@gmail.com

# यु–१९ छनोट क्रिकेटमा जितविहिन मकवानपुर



*मकवानपुर जिल्ला क्रिकेट टिम ।*

*समाज संवाददाता*

हेटौंडाः यु–१९ प्रदेशस्तरीय टिम छनोट क्रिकेट प्रतियोगितामा मकवानपुर जितविहिन बनेको छ । छनोट प्रतियोगिताको अन्तिम तथा पाँचौं खेलमा पनि शुक्रबार हार व्यहोरेपछि मकवानपुर जितविहिन बनेको हो । छनोट प्रतियोगिताअन्तर्गत ५ खेलमध्ये ४ खेलमा हार व्यहोरेको मकवानपुरको एक खेल भने वर्षाका कारण अनिर्णित बनेको थियो ।

शुक्रबार काठमाडौंको तल्लो मुलपानी क्रिकेट मैदानमा भएको अन्तिम छनोट खेलमा मकवानपुर भक्तपुर जिल्लासँग ७० रनले पराजित भएको छ । टस जितेर पहिले ब्याटिङ गरेको भक्तपुरले निर्धारित ४० ओभरमा ७ विकेटको क्षतिमा १ सय ७३ रन बनाएको थियो । भक्तपुरका रिन्जिन लामाले ८२ बलमा सर्वाधिक ६० रन बनाएका थिए । रोहित शर्माले ८४ बलमा ५२ रन बनाएका थिए । सन्दिप कार्कीले ५४ बलमा ३० रन र भुपेन्द्र आचार्यले १२ बलमा ११ रन जोडेका थिए ।

बलिङतर्फ मकवानपुरका रोहित ठाकुरले ३२ बलमा सर्वाधिक ४ विकेट लिएका थिए भने शिवशक्ति महतोले ३६ बलमा ३ विकेट लिएका थिए । १ सय ७४ रनको लक्ष्य पछ्याएको मकवानपुरले ३० ओभर १ बलमा १ सय ३ रन बनाउँदै सबै विकेट गुमाएको थियो । मकवानपुरका टिम कप्तान गोकुल अधिकारीले २० बलमा २२ रनको योगदान दिएका थिए । रोहित ठाकुरले ३२ बलमा २१ रन र शिवशक्ति महतोले ३९ बलमा १९ रन बनाएका थिए ।

बलिङतर्फ भक्तपुरका दीपक सेरेलाले १७ बलमा र नितेश कुमारले २५ बलमा समान ४/४ विकेट लिएका थिए । रोहित शर्माले २१ बलमा २ विकेट लिएका थिए । असोज ३० गते हेटौंडा र काठमाडौंमा एकसाथ सुरु भएको प्रतियोगिता कार्तिक ९ गते काठमाडौंको तल्लो मुलपानी क्रिकेट मैदानमा सम्पन्न भएको हो । मकवानपुरले घरेलु मैदानमा भएको पहिलो खेलमा नुवाकोटसँग १ रनले र दोस्रो खेलमा चितवन जिल्लासँग २ रनले पराजित हुनुपरेको थियो भने ललितपुरसँगको खेल वर्षाको कारण बाधक बन्न पुगेको थियो । यस्तै बिहिबार तल्लो मुलपानी मैदानमा भएको खेलमा काठमाडौंसँग ७ रनले मकवानपुर पराजित हुनुपरेको थियो ।

# घट्यो कर्जाको ब्याजदर

काठमाडौं: पछिल्लो एक वर्षको अवधिमा कर्जाको ब्याजदर करिब साढे ३ प्रतिशतसम्मले घटेको छ । सञ्चालनमा रहेका २० वाणिज्य बैंकले निक्षेपमा दिने ब्याजदर घटेसँगै बैंकहरूको आधार दर पनि घटेको छ । २०८० असोज मसान्तको तुलनामा २०८१ असोज मसान्तमा कुमारी बैंकको आधार दर ३.४६ प्रतिशत बिन्दुले घटेको छ । यस्तै कृषि विकास बैंकको ३.३८ प्रतिशत र लक्ष्मी सनराइजको आधार दर ३.०६ प्रतिशतले घटेको छ । एक वर्षमा वाणिज्य बैंकको औसत आधार दर नै २.७२ प्रतिशतले घटेको छ । यसले कर्जामा ब्याजदर उल्लेख्य घट्दै गएको देखाउँछ ।

कोभिडपछि उच्च आयातसँगै शोधनान्तर घाटा उच्च हुँदा बैंकिङ प्रणालीमा तरलता अभाव सुरु भयो । तरलता अभावसँगै ब्याजदर बढेर औसत ब्याजदर नै १३ प्रतिशत माथि पुग्यो । कोभिडको समयमा कर्जा मागमा संकुचन र आयातमा समेत कमी आउँदा केही समय अधिक तरलता भएर ब्याजदर घट्यो । २०७८ असार मसान्तमा कर्जाको भारित औसत ब्याजदर ८.४३ प्रतिशतसम्म झर्‍यो । निक्षेपको ब्याजदर घटेसँगै घटेको आधार दर र बैंकबीचको प्रतिस्पर्धाले कर्जाको प्रिमियम नै घटाएर कर्जा र निक्षेपको भारित औसत ब्याजदर अन्तर नै घटाउँदा कर्जाको ब्याजदर २०७८ असार मसान्तमा साढे ८ प्रतिशतभन्दा तल झर्‍यो ।

तर, त्यसको १९ महिना नपुग्दै कर्जाको भारित औसत ब्याजदर १३ प्रतिशत माथि पुग्यो । २०७९ माघ र फागुनमा कर्जाको भारित औसत ब्याजदर १३.०३ प्रतिशतसम्म पुगेको नेपाल राष्ट्र बैंकको तथ्यांक छ । पछिल्लो दुई वर्षयता अर्थतन्त्रमा देखिएको शिथिलतासँगै कर्जामा माग समेत घटेको छ । नेपालमा वार्षिक औसत करिब २० प्रतिशतले कर्जा विस्तार हुने गरेकोमा पछिल्लो दुई वर्षको कर्जा विस्तार करिब ६ प्रतिशत मात्रै छ । निक्षेप वृद्धिको तुलनामा कर्जा विस्तार न्यून हुँदा ब्याजदर लगातार घटेको छ । बैंकहरूले निक्षेपको ब्याजदर घटाएसँगै आधार ब्याजदर निरन्तर घटेको छ । २०७९ पुस मसान्तमा वाणिज्य बैंकहरूको औसत आधार दर १०.९१ प्रतिशत पुगेकोमा २०८१ भदौ मसान्तमा ७.४९ प्रतिशतमा झरेको राष्ट्र बैंकको तथ्यांक छ ।

पछिल्लो २० महिनामा वाणिज्य बैंकहरूको औसत आधार दर नै ३.४१ प्रतिशत बिन्दुले झरेको छ । असोजमा वाणिज्य उनीहरूको औसत आधार दर ७.३५ प्रतिशतमा झरेको छ । आधार दर झरेसँगै कर्जाको भारित औसत ब्याजदर पनि घट्दै गएको छ । २०७९ फागुनमा १३.०३ प्रतिशत रहेको कर्जाको भारित औसत ब्याजदर २०८१ भदौमा ९.५२ प्रतिशतमा झरेको छ । बैंकहरूको आधार दर घट्दो क्रममा रहेकाले कर्जाको भारित औसत ब्याजदर अझै तल आउने बैंकर बताउँछन् ।

पछिल्लो केही महिनायता बैंकहरूबीच प्रतिस्पर्धा सुरु हुँदा प्रिमियम घटाउँदै लगेका छन् । जसले कर्जाको ब्याजदर थप घट्दै गएको हो । केन्द्रीय बैंकले कर्जाको ब्याजदर आधार दरसँग आबद्ध गराएको छ । राष्ट्र बैंकले कर्जाको ब्याजदर निर्धारण व्यवस्थित र एकरूपता ल्याउन २०६९ देखि वाणिज्य बैंकहरूलाई आधार दर कार्यान्वयनमा ल्याएको थियो । २०७० देखि विकास बैंक र फाइनान्स कम्पनीमा आधार दरको व्यवस्था गरेको हो । राष्ट्र बैंकले बैंकहरूलाई हरेक त्रैमासको औसत आधार दरका आधारमा कर्जाको ब्याजदर निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ । बैंकहरूको आधार दर बढ्दा कर्जाको ब्याजदर पनि बढ्ने गर्छ भने घट्दा घट्ने गर्छ । *स्रोतः अनलाइनखबर ।*

# मोटरसाइकल दुर्घटनामा प्रेमको मृत्यु

*समाज संवाददाता*

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका–१० मा मोटरसाइकल अनियन्त्रित भई डिभाईडरमा ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । बिहीवार चौबिसकोठीबाट पुलचोकतर्फ जाँदै गरेको बा प्र ०३–००१ प ४७६० नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई डिभाईडरमा ठोकिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटनामा परी मोटरसाइकल चालक नवलपरासीको (पूर्व) गैडाकोटका ५० वर्षीय प्रेम परियार र चितवन ईच्छाकामना गाउँपालिका–५ का ३३ वर्षीय पूर्ण बहादुर परियार घाइते भएका थिए । घाइते दुवैलाई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । उपचारको क्रममा चालक प्रेमको शुक्रबार मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# जेसीज सप्ताह सकियो

*समाज संवाददाता*

हेटौंडाः जेसीआई हेटौंडाको जेसीज सप्ताह सम्पन्न भएको छ । शुक्रबार साँझ एक समारोहका बीच जेसीज सप्ताहको समापन गरिएको हो ।

जेसीआई हेटौंडाका अध्यक्ष विकेश लाल श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाको प्रमुख आतिथ्यमा समापन समारोह भएको हो । जेसीज सप्ताह समापन समारोहमा जेसीज सप्ताहमा आयोजित विभिन्न क्रियाकलापमा विजेतालाई पुरस्कृत समेत गरिएको थियो । जेसीज सप्ताहको अवसरमा रक्तदान कार्यक्रम, अपाहिल साइक्लिङ, विस्तारै मोटरसाइकल चलाउने प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, विद्यालयलाई शैक्षिक सहयोग, लागुऔषध दुर्व्यसनविरुद्ध सचेतना कार्यक्रमको आयोजना गरिएको थियो । जेसीआई हेटौंडाका कार्यकारी उपाध्यक्ष विवेक आनन्द न्यौपानेको संयोजकत्वमा जेसीज सप्ताह भएको हो ।

# १६२ जना महिलाको पाठेघरको मुखको परीक्षण

*समाज संवाददाता*

हेटौंडाः मकवानपुरगढी गाउँपालिका–२, शिखरकटेरीमा भएको निशुल्क पाठेघरको मुखको क्यान्सर, एचपिभि र डिएनए स्क्रिनिङ शिविरमा १६२ जनाको परीक्षण गरेका छन् । शुक्रबार बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनको आयोजना तथा नेपाल अर्बुद रोग निवारण संस्था मकवानपुर शाखाको सहआयोजनामा शिविर भएको नेपाल अर्बुद रोग निवारण संस्था मकवानपुर शाखाको संस्थापक एवम् कार्यक्रम संयोजक कपिला जोशीले जानकारी दिनुभयो ।

शिविरमा परीक्षण गरिएको रिपोर्ट २–३ दिनमा प्रदान गरिने उहाँले जानकारी दिनुभयो । शिविरमा बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनका चिकित्सक तथा स्वास्थ्यकर्मीले परीक्षण गरेका थिए ।

## सच्याइएको

समृद्ध समाज दैनिकको मिति २०८१ साल कात्तिक ९ गते शुक्रबारको अंकको पृष्ठ ३ मा प्रकाशित फोटो क्याप्सनमा फरि लगाउनेहरु दशनामी/सन्यासी भएको भनी गरिएको व्याख्या भूलबस गलत भएकोले सच्याइएको छ ।

**सम्पादक ।**

# अवैध चाँदीसहित २ जना पक्राउ



*प्रहरीले बरामद गरेको अवैध चाँदीसहित पक्राउ परेका साह र महतोलाई सार्वजनिक गर्दै ।*

*समाज संवाददाता*

हेटौंडाः बारा जिल्लाको पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेका दुईजनालाई १४ केजी अवैध चाँदीसहित २ जनालाई बारा प्रहरीले पक्राउ गरेको छ । शुक्रबार बिहान ८ बजेको समयमा बारा जिल्लाको जीतपुर सिमरा उप–महानगरपालिका–२१, अमलेखगंजमा प्रहरीले सुरक्षाजाँच गर्दा २५ लाख ४ हजार रुपैयाँ मूल्य बराबरको १४ केजी चाँदीसहित २ जनालाई पक्राउ गरेको हो । प्रहरीले ना ५२ प २५८४ नम्बरको मोटरसाइकलबाट ९ केजी चाँदीसहित बारा जिल्लाको प्रसौनी गाउँपालिका–६, प्रस्टोकाका ३३ वर्षीय सन्तोष साह सोनार र ना ५५ प ३९३२ नम्बरको मोटरसाइकलबाट ५ केजी चाँदीसहित बारा जिल्लाको जीतपुर सिमरा उपमहानगरपालिका–८, गमर गावाटोलका २७ वर्षीय सुरेश महतोलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

# पेनाल्टी सुटआउटको उपाधि ढैंडो एफसीलाई

*समाज संवाददाता*

हेटौंडाः कर्रा युवा क्लबको आयोजनामा भएको प्रथम संस्करणको पेनाल्टी सुटआउट प्रतियोगिताको उपाधि हेटौंडा–१० स्थित ढैंडो एफसी क्लबले जितेको छ । शुक्रबार हेटौंडा–४, हुप्रचौरमा भएको पेनाल्टी सुटआउट फुटबल प्रतियोगिताको फाइनल खेलमा हेटौंडा–१८ स्थित हर्नामाडी एफसी क्लबलाई ५–३ गोलले हराउँदै ढैंडो एफसी क्लबले उपाधि जितेको हो । उपाधि जितेसँगै ढैंडो एफसीको टिमले ३० केजीको खसीसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता हर्नामाडीले २० केजीको खसीसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ ।

तिहार र छठ पर्वको शुभकामनासहित प्रतियोगिता आयोजना गरिएको थियो । खेलाडीहरुबीच भातृत्व सम्बन्ध कायम गराउन र खेलको महत्वबारे बुझाउनका लागि प्रतियोगिताको आयोजना गरिएको थियो । खेल संयोजक राशिष मगरको सभाध्यक्षमा तथा वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन समारोह भएको हो । प्रतियोगितामा १९ टिमको सहभागिता रहेको थियो ।

# कमाने एकेडेमीले वार्षिक खेलकुद कार्यक्रम गर्दै

*समाज संवाददाता*

हेटौंडाः हेटौंडा–८, कमानेस्थित कमाने एकेडेमीले खेलकुद कार्यक्रम गर्ने भएको छ । आउँदो सोमबारदेखि बुधबारसम्म कमाने एकडेमीले हेटौंडा–५ स्थित पिप्ले–स्याम्पा रंगशालामा वार्षिक खेलकुद कार्यक्रम गर्न लागेको हो ।

खेलकुद कार्यक्रम अन्तर्गत एथ्लेटिक्स, टेबलटेनिस, फुटबल, बास्केटबल, बुद्धिचाल र ब्याडमिन्टन लगायतका खेलहरु हुने कमाने एकेडेमीका खेलकुद संयोजक नवीन कठायतले जानकारी दिनुभएको छ । कमाने एकेडेमीले आयोजना गर्न लागेको खेलकुदमा कक्षा–१ देखि कक्षा–१० सम्मका निलो, कलेजी, पहेंलो र हरियो सदनका विद्यार्थीबीच प्रतिस्पर्धा हुने खेलकुद संयोजक नवीन कठायतले बताउनुभयो ।

विद्यार्थीलाई पढाई सँग–सँगै मनोरञ्जन गराउन, उनीहरुको रुचि, क्षमतालाई प्रदर्शन गर्ने र खेलकुदको महत्वबारे बुझाउने उद्देश्यले प्रतियोगिताको आयोजना गरेको उहाँले बताउनुभयो । प्रतियोगिताको उद्घाटन कार्यक्रममा मार्चपास, पिटीमा खुकुरी नृत्य, एरोबिक्स पिटी र तेक्वान्दो काता प्रदर्शनी हुने उहाँको भनाई छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने सदनले क्रमशः स्वर्ण, रजत र कांस्यपदक सहित प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै बढी अंक प्राप्त गर्ने सदनले रनिङ शिल्डको ट्रफी प्राप्त गर्नेछन् । कमाने एकेडेमीले २ वर्षदेखि खेलकुद कार्यक्रमको आयोजना गर्दै आएको छ ।

# कतारसँग नेपाल पराजित

काठमाडौं: नेपाल एफसी यु–१७ एसियन कप छनोटको दोस्रो खेलमा पनि पराजित भएको छ । कतारको दोहास्थित एस्पायर एकेडेमीमा शुक्रबार राति भएको समूह चरणको दोस्रो खेलमा घरेलु टोलीसँग नेपाल ५–० लेपराजित भएको हो । योसँगै अर्को वर्ष साउदी अरबमा हुने एफसी यु–१७ एसियन कपमा छनोट हुन नेपाल असफल भएको छ । समूह 'एफ'मा रहेको नेपाल पहिलो खेलमा साबिक विजेता जापानसँग नेपाल ९–२ ले पराजित भएको थियो । कतारको यो लगातार दोस्रो जित हो । बुधबार मंगोलियामाथि कतारले २–० को जित हात पारेको थियो । हरेक समूहको शीर्षस्थानमा रहने टोली अर्को वर्ष साउदी अरबमा हुने प्रतियोगितामा सिधै स्थान बनाउने छन् । समूहको उपविजेताको पनि सम्भावना कायम रहने छ ।

## आँगनमै लडेकी ढुगदिवीको मृत्यु

# चितवनमा एकजना पुरुषको शव बरामद

*समाज संवाददाता*

हेटौंडाः काभ्रे जिल्लाको मण्डनदेउपुर नगरपालिका–६, ढकालथोकको ८३ वर्षीया दुर्गादेवी दुलालको मृत्यु भएको छ ।

बिहिवार बिहान ८ बजेर १५ मिनेटको समयमा आफ्नै आँगनमा बेहोस भएर लडेकी दुलाललाई उपचारका लागि मण्डनदेउपुर नगर अस्पताल लगिएको थियो । अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषित गरिदिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । दुर्गादेवीको शव आफन्तले बुझेर लगेको प्रहरीले जनाएको छ ।

यस्तै चितवन जिल्लाको भरतपुर महानगरपालिका–४, शिवघाटमा एकजना पुरुषको शव फेला परेको छ । बिहिवार बिहान १० बजेर १५ मिनेटको समयमा नारायणी नदिको बिच टापुमा अन्दाजी ४० वर्षीय पुरुषको शव भेटिएको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
The Voice of Community

# प्लाष्टिकको फूल विक्रि नगर्न थाहा नगरपालिकाको आग्रह

*समाज संवाददाता*

हेटौंडाः मकवानपुरको थाहा नगरपालिकाले प्लाष्टिकको फूल विक्रि वितरण एवम् प्रयोग नगर्न अनुरोध गरेको छ । बिहीबार एक सुचना जारी गर्दै नगर पालिकाले प्लाष्टिकको फूल विक्रि वितरण एवम् प्रयोग नगर्न अनुरोध गरेको हो ।

पालिकाले स्थानीय उत्पादन तथा प्राकृतिक स्वदेशी फूलको उत्पादन एवम् प्रवर्द्धन गर्न अनुरोध गरेको हो । प्लाष्टिकका फूलको प्रयोगले वातावरण क्षति हुने, माटोमा नकुहिने, नगल्ने, वातावरणीय सौन्दर्य समेतमा नकारात्मक असर पर्ने भएकाले स्वदेशी तथा स्थानीय फूलमालाको प्रयोग नगरबासीहरुलाई अनुरोध गरेको हो । नगर पालिकाको सूचना विपरित प्रयोग गरेको पाइएमा नियमनको दायरामा ल्याउने नगर पालिकाले जनाएको छ ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा–४, अजरअमररोड, ०५७–५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ